बैठक संख्या :- ५३
मिति :- २०७६।०३।२२ (आईतवार)
समय :- दिनको : ३.०० वजे

कमलामाई नगरपालिका नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री खड्ग बहादुर खत्री ज्यूको अध्यक्षतामा बसी देहाय वमोजिम निर्णय भयो ।

| | |
|---|---|
| श्री खड्ग बहादुर खत्रि | - नगर प्रमुख |
| श्री मंजु देवकोटा | - नगर उप-प्रमुख |
| श्री महेशराज खतिवडा | - वडा अध्यक्ष १ |
| श्री नवराज थिङ | - वडा अध्यक्ष २ |
| श्री खड्ग प्रसाद चौलागाँई | - वडा अध्यक्ष ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | - वडा अध्यक्ष ४ |
| श्री पुर्ण बहादुर खडका | - वडा अध्यक्ष ५ |
| श्री उज्ज्वल कुमार थापा | - वडा अध्यक्ष ६ |
| श्री कर्ण बहादुर घिसिङ | - वडा अध्यक्ष ७ |
| श्री टिका बहादुर मुक्तान | - वडा अध्यक्ष ८ |
| श्री देवराज पौडेल | - वडा अध्यक्ष ९ |
| श्री रामहरि ढुङ्गेल | - वडा अध्यक्ष १० |
| श्री राम बहादुर थिङ | - वडा अध्यक्ष ११ |
| श्री ललित बहादुर आले | - वडा अध्यक्ष १२ |
| श्री किरण माझी | - वडा अध्यक्ष १३ |
| श्री जितलाल अधिकारी दनुवार | - वडा अध्यक्ष १४ |
| श्री शिव कुमारी रावमाझी | - महिला सदस्य |
| श्री कान्ता ढकाल | - महिला सदस्य |
| श्री रुद्र कुमारी कार्की | - महिला सदस्य |
| श्री पदम कुमारी बस्नेत | - महिला सदस्य |
| श्री सुनिता सार्की | - महिला सदस्य |
| श्री केशर बहादुर नेपाली | - दलित / अल्पसंख्यक सदस्य |
| श्री झौला अधिकारी दनुवार | - दलित / अल्पसंख्यक सदस्य |
| श्री नरेश वि.क | - दलित / अल्पसंख्यक सदस्य |
| श्री पुरुषोत्तम सुवेदी | प्र. प्र. अ. (सफलराज शाक्य) |

**निर्णय नं. १ :-** कमलामाई नगरपालिका क्षेत्र भित्र जन्म दर्ता भई विभिन्न व्यक्तिहरुको जन्म , मिति, उमेर, नाम थर ठेगाना संशोधनको लागि निवेदन पेश भएमा वडा कार्यालयको सिफारिसमा नागरिक्ता, शैक्षिक प्रमाण-पत्रको आधारमा गर्ने र नागरिक्ता, शैक्षिक प्रमाण- पत्र नभएमा सम्वन्धित वडाको रोहवरमा सर्जमिन मुचुल्काको आधारमा संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :-** आर्थिक वर्ष ०७६।०७७ को लागि प्रत्येक वडा कार्यालयवाट पेश भएको रु.१ करोडको योजनाहरु नगर सभामा स्वीकृतिको लागि पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** आर्थिक ब्रर्ष ०७५।०७६ को शिक्षा कार्यक्रम तर्फ कक्षा ८ कौ परिक्षा संचालनको लागि संस्थागत विद्यालयवाट प्राप्त रु. ११९०००।- कमलामाई नगरपालिकाको खातामा जम्मां भएको र परिक्षा संचालनमा रकम अपुग समेत भएकोले उक्त रकम मध्ये रु.८००००।- (असी हजार) परिक्षा संचालन कार्यमा खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं.४ :-** महिला कार्यक्रम तर्फ को विषयगत ईच्छुक निकाय संगको सहकार्यमा मनोसामाजिक विकास केन्द्र स्थापनाको लागि रु.१६५०००। (एक लाख पैसठी हजार) रुपैया महिला सेफ हाउस संचालनको लागि अनुदान उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** आर्थिक बर्ष ०७५।७६ मा रु.५०००००।- (पाच लाख) तलव शिर्षकमा नपुग भएको हुदा आन्तरिक श्रोत तर्फ स्थानीय प्रोत्साहन शिर्षकमा विनियोजन गरिएको रु.४००००००।- (चालिस लाख) मध्येबाट उक्त रकम राजश्व बाडफाडको तलव शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** कमलामाई नगर क्षेत्र भित्र रहेका जेष्ठ नागरिकहरुलाई कमलामाई नगरपालिकाको कार्यालयबाट परिचय- पत्र वितरण भईरहेकोमा सेवाग्राहीहरुलाई असुविधा भएको हुदाँ आ.व.०७६।०७७ देखि वडा कार्यालयमा कार्यरत वडा सचिव मार्फत नै परिचय पत्र- वितण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** अपाङ्ग तथा परिचय पत्र वितरण छनोट समितिका पदाधिकारीहरुलाई प्रति बैठक भत्ता बापत रु.१०००।- (एकहजार) दिने निर्णय गरियो ।